माथागढी गाउँपालिकाद्वारा प्रकाशित

स्थानीय राजपत्र

खण्ड १०	संख्या : ४	मितिः२०८३/०८/०३

भाग २

माथागढी गाउँपालिका

लुम्बिनी प्रदेश, नेपाल

संवत् २०८३ सालको कार्यविधि संख्या ४

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (Female Community Health Volunteer-FCHV) हरूले समुदायमा मातृ तथा शिशु स्वास्थ्य, सुरक्षित मातृत्व, परिवार नियोजन, खोप, पोषण, सरसफाइ, नसर्ने तथा सरुवा रोग नियन्त्रण, स्वास्थ्य प्रवर्द्धन तथा जनस्वास्थ्यका विविध कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न उल्लेखनीय योगदान पुऱ्याउँदै आएका छन्। दीर्घकालसम्म निःस्वार्थ रूपमा समुदायको सेवा गरेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको सम्मानजनक अवकाशको व्यवस्था गर्न, स्वेच्छिक रूपमा सेवा त्याग गर्न चाहने स्वयंसेविकालाई सेवा अवधिको आधारमा सम्मान तथा आर्थिक सुविधा उपलब्ध गराउन तथा अवकाश प्रक्रियालाई व्यवस्थित, पारदर्शी र एकरूप बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) एवं माथागढी गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि,२०७४ अनुसार सर्वसाधारण सम्पूर्णको जानकारीका लागि यो कार्यविधि प्रकाशन गरिएको छ।

माथागढी गाउँपालिका

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका स्वेच्छिक अवकाश तथा सम्मानजनक बिदाई सम्बन्धी कार्यविधी, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०५/१६
राजपत्रमा प्रकाशित मितिः २०८३/०८/०३

प्रस्तावनाः

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (Female Community Health Volunteer-FCHV) हरूले समुदायमा मातृ तथा शिशु स्वास्थ्य, सुरक्षित मातृत्व, परिवार नियोजन, खोप, पोषण, सरसफाइ, नसर्ने तथा सरुवा रोग नियन्त्रण, स्वास्थ्य प्रवर्द्धन तथा जनस्वास्थ्यका विविध कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न उल्लेखनीय योगदान पुऱ्याउँदै आएका छन्। दीर्घकालसम्म निःस्वार्थ रूपमा समुदायको सेवा गरेका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको सम्मानजनक अवकाशको व्यवस्था गर्न, स्वेच्छिक रूपमा सेवा त्याग गर्न चाहने स्वयंसेविकालाई सेवा अवधिको आधारमा सम्मान तथा आर्थिक सुविधा उपलब्ध गराउन तथा अवकाश प्रक्रियालाई व्यवस्थित, पारदर्शी र एकरूप बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी माथागढी गाउँपालिकाले यो **"महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका स्वेच्छिक अवकाश तथा सम्मान कार्यविधि, २०८३"** जारी गरेको छ।

परिच्छेद—१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम **"महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका स्वेच्छिक अवकाश तथा सम्मानजनक बिदाई सम्बन्धी कार्यविधी, २०८३"** रहनेछ।
(२) यो कार्यविधि माथागढी गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. कार्यविधिको उद्देश्य

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ—
क) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको सम्मानजनक अवकाश सुनिश्चित गर्नु।
ख) स्वेच्छिक अवकाश प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाउनु।
ग) सेवा अवधिको आधारमा सम्मान तथा आर्थिक सुविधा उपलब्ध गराउनु।
घ) समुदायमा स्वास्थ्य स्वयंसेविकाप्रति सम्मानको भावना अभिवृद्धि गर्नु।

ङ) रिक्त स्थानमा नयाँ स्वयंसेविका छनोटको प्रक्रिया सहज बनाउनु।



३. परिभाषा

यस कार्यविधिमा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा—

क) "गाउँपालिका" भन्नाले माथागढी गाउँपालिका सम्झनु पर्दछ।

ख) "कार्यपालिका" भन्नाले माथागढी गाउँ कार्यपालिका सम्झनु पर्दछ।

ग) "स्वास्थ्य शाखा" भन्नाले माथागढी गाउँपालिकाको स्वास्थ्य शाखा सम्झनु पर्दछ।

घ) "स्वास्थ्य संस्था" भन्नाले गाउँपालिका अन्तर्गतका सरकारी स्वास्थ्य संस्था सम्झनु पर्दछ।

ङ) "स्वयंसेविका" भन्नाले राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका रणनीति, २०६७ (पहिलो संशोधन, २०७६) बमोजिम छनौट भई आधारभुत तालिम प्राप्त स्वयंसेविका सम्झनु पर्दछ।

च) "अनिवार्य अवकाश" भन्नाले ६० वर्ष उमेर पूरा भएपछि सेवाबाट अवकाश प्राप्त गरेको अवस्था सम्झनु पर्दछ।

छ) "स्वेच्छिक अवकाश" भन्नाले ६० वर्ष नपुग्दै आफ्नै इच्छाले सेवा त्याग गरेको अवस्था सम्झनु पर्दछ।

ज) "आर्थिक सुविधा" भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध गराइने एकमुष्ट रकम सम्झनु पर्दछ।

परिच्छेद—२

अवकाश सम्बन्धी व्यवस्था

४. अवकाश हुने अवस्था

(१) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको उमेर ६० वर्ष पूरा भएपछि स्वतः अनिवार्य अवकाश हुनेछ।

(२) देहायका अवस्थामा ६० वर्ष नपुग्दै पनि स्वेच्छिक अवकाश लिन सकिनेछ—

(क) स्वास्थ्यमा गम्भीर समस्या भएमा।

(ख) शारीरिक अशक्तता भएमा।

(ग) बसाईँसराइ भएको अवस्थामा।

(घ) पारिवारिक जिम्मेवारीका कारण सेवा निरन्तरता दिन नसक्ने भएमा।

(ङ) अन्य मनासिब कारण भएमा।

अवकाश प्राप्त स्वयंसेविकालाई गाउँपालिकाले सार्वजनिक कार्यक्रममार्फत सम्मानपत्र तथा दोसल्ला, मायाको चिनो वा कदरपत्र प्रदान गर्न सक्नेछ।



५. आर्थिक सुविधा

(१) ६० वर्ष पूरा गरी अनिवार्य अवकाश हुने स्वयंसेविकालाई एकमुष्ट रु. ५०,०००/- (अक्षरेपी पचास हजार रुपैयाँ मात्र) तथा सम्मानपत्र प्रदान गरिनेछ।

(२) ६० वर्ष नपुग्दै स्वेच्छिक अवकाश लिने स्वयंसेविकालाई सेवा अवधिको आधारमा देहाय बमोजिम एकमुष्ट रकम उपलब्ध गराइनेछ—

(क) २० वर्षभन्दा बढी सेवा गरेको भए रु. ३५,०००/-

(ख) १५ वर्षदेखि २० वर्षसम्म सेवा गरेको भए रु. २५,०००/-

(ग) १० वर्षदेखि १५ वर्षसम्म सेवा गरेको भए रु. २०,०००/-

(घ) ५ वर्षदेखि १० वर्षसम्म सेवा गरेको भए रु. १०,०००/-

परिच्छेद—३

अवकाश प्रक्रिया तथा सिफारिस सम्बन्धी व्यवस्था

६. अवकाशका लागि निवेदन

(१) उमेर ६० वर्ष पूरा गरी अनिवार्य अवकाश हुने स्वयंसेविकाको हकमा स्वास्थ्य शाखाले उमेर पूरा हुनुभन्दा कम्तीमा एक महिना अगावै आवश्यक प्रक्रिया प्रारम्भ गर्नेछ।

(२) ६० वर्ष नपुग्दै स्वेच्छिक अवकाश लिन चाहने स्वयंसेविकाले कारण खुलाई सम्बन्धित आमा समूह तथा स्वास्थ्य संस्थामा निवेदन पेश गर्नुपर्ने छ।

(३) निवेदन प्राप्त भएपछि स्वास्थ्य संस्थाबाट सम्पूर्ण प्रक्रिया पुरा गरि गाउँपालिका स्वास्थ्य शाखामा सिफारिस गर्नु पर्ने छ ।

७. आवश्यक कागजात

अवकाशका लागि देहायका कागजातहरू संलग्न गर्नुपर्ने छः

क) नेपाली नागरिकताको प्रतिलिपि।

ख) राजिनामा स्वीकृत भएको कागजात।

ग) निरन्तर सेवा गरेको प्रमाण (स्वास्थ्य संस्था प्रमुखबाट प्रमाणित)।

घ) स्वेच्छिक अवकाशको कारण खुलाएको निवेदन (स्वेच्छिक अवकाशको हकमा)।

ङ) सम्बन्धित स्वास्थ्य संस्थाको सिफारिस ।

च) पासपोर्ट साइजको दुई प्रति फोटो।

छ) अन्य आवश्यक कागजात (आवश्यक परेमा स्वास्थ्य शाखाले माग गर्न सक्नेछ)।

८. सेवा अवधि प्रमाणित गर्ने

(१) सम्बन्धित स्वास्थ्य संस्था प्रमुखले स्वयंसेविकाको छनौट मिति, सेवा अवधि, कार्यसम्पादन तथा नियमित सेवाको विवरण प्रमाणित गर्नुपर्ने छ।

(२) सेवा अवधि गणना छनौट भएको मितिदेखि अवकाश स्वीकृत भएको मितिसम्म कायम गरिने छ।

९. सिफारिस प्रक्रिया

(१) स्वास्थ्य संस्था प्रमुखले निवेदन तथा सेवा विवरण प्रमाणित गरी गाउँपालिका स्वास्थ्य शाखामा पठाउनु पर्नेछ।

(२) स्वास्थ्य शाखाले कागजात परीक्षण गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्ने छ।

परिच्छेद—४

आर्थिक व्यवस्थापन तथा भुक्तानी

१०. बजेट व्यवस्था

(१) यस कार्यविधि कार्यान्वयनका लागि आवश्यक बजेट गाउँपालिकाको वार्षिक स्वीकृत बजेटमा समावेश गरिनेछ।

(२) बजेट अभाव भएको अवस्थामा कार्यपालिकाले आवश्यकतानुसार थप बजेट व्यवस्थापन गर्न सक्नेछ।

११. भुक्तानी प्रक्रिया

(१) कार्यपालिकाबाट स्वीकृत भएपछि आर्थिक प्रशासन शाखाबाट एकमुष्ट रकम भुक्तानी गरिने छ।

(२) भुक्तानी सम्बन्धित स्वयंसेविकाको बैंक खातामा उपलब्ध गराइनेछ।

(३) सम्मानपत्र तथा सम्मान कार्यक्रम गाउँपालिकाले उपयुक्त अवसरमा आयोजना गर्न सक्नेछ।

१२. सुविधा नपाइने अवस्था

देहायका अवस्थामा यस कार्यविधि बमोजिमको आर्थिक सुविधा उपलब्ध गराइने छैनः

क) झुट्टा विवरण वा किर्ते कागजात पेश गरेको प्रमाणित भएमा।

ख) नियुक्ति बदर भएको अवस्थामा।

ग) कानुनी कारबाहीका कारण सेवाबाट हटाइएको अवस्थामा।

घ) कार्यपालिकाले मनासिब कारणसहित सुविधा नदिने निर्णय गरेको अवस्थामा।

परिच्छेद—५

विविध

१३. अभिलेख व्यवस्थापन

स्वास्थ्य शाखाले अवकाश प्राप्त सबै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको छुट्टै अभिलेख अद्यावधिक गरी सुरक्षित राख्नेछ।

१४. अनुगमन तथा मूल्याङ्कन

यस कार्यविधिको कार्यान्वयनको अनुगमन माथागढी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयले गर्ने छ ।

१५. बाधा अड्काउ फुकाउने अधिकार

यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

१६. खारेजी तथा बचाउ

यस कार्यविधि लागू हुनुअघि गाउँपालिकाबाट भएका यस विषयसँग सम्बन्धित निर्णयहरू यसै कार्यविधि बमोजिम भएको मानिनेछन्, तर यस कार्यविधिसँग बाझिएका व्यवस्था स्वतः निष्क्रिय हुनेछन्। यस कार्यविधिमा आवश्यक संशोधन, थपघट वा खारेजी गर्ने अधिकार गाउँ कार्यपालिकामा रहनेछ।

१७. प्रचलित कानून बमोजिम हुने

यस कार्यविधिमा उल्लेख नभएका विषय प्रचलित संघीय तथा प्रदेश कानून तथा नेपाल सरकारद्वारा जारी महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्बन्धी नीतिहरू बमोजिम हुनेछन्।

अनुसूची—१

(दफा ७ सँग सम्बन्धित)

स्वेच्छिक अवकाशका लागि निवेदन

मिति :

श्री .....

माथागढी गाउँपालिका ,

गाउँकार्यापालिकाको कार्यालय,

झडेवा,पाल्पा

विषयः स्वेच्छिक अवकाश तथा बिदाई सुविधा उपलब्ध गराइदिने सम्बन्धमा।

प्रस्तुत विषयमा म श्री ..... माथागढी गाउँपालिका वडा नं. ..... अन्तर्गत ..... स्वास्थ्य संस्थामा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रूपमा मिति ..... देखि .....सम्म निरन्तर सेवा गर्दै आएकोमा **महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका स्वेच्छिक अवकाश तथा सम्मानजनक बिदाई सम्बन्धी कार्यविधि, २०८३** को दफा ४ को उपदफा.....कारणले सेवामा निरन्तरता दिन असमर्थ भएकाले **"महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका स्वेच्छिक अवकाश तथा सम्मानजनक बिदाई सम्बन्धी कार्यविधि, २०८३"** बमोजिमको स्वेच्छिक अवकाश प्रदान गरी पाउनुपर्ने आर्थिक सुविधा उपलब्ध गराइदिनुहुन विनम्र अनुरोध गर्दछु।

स्वयंसेविकाको विवरणः

नाम थर :	कुल सेवा अवधि :
जन्म मिति :	स्वास्थ्य संस्था :
नागरिकता नं.:	वडा नं. :
नियुक्ति मितिः	सम्पर्क नं. :

निवेदकको दस्तखत : _____

अनुसूची—२

<u>स्वास्थ्य संस्था प्रमुखको सिफारिस</u>

मितिः

श्री .....

माथागढी गाउँपालिका ,

गाउँकार्यापालिकाको कार्यालय,

झडेवा,पाल्पा

विषयः स्वेच्छिक अवकाश तथा बिदाई सुविधा उपलब्ध गराइदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस स्वास्थ्य संस्थामा कार्यरत श्रीमती ..... ले मिति ..... देखि मिति ..... सम्म जम्मा ..... वर्ष ..... महिना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रूपमा नियमित सेवा गर्नुभएको प्रमाणित गर्दै "**महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका स्वेच्छिक अवकाश तथा सम्मानजनक बिदाई सम्बन्धी कार्यविधि,२०८३**" बमोजिम स्वेच्छिक/अनिवार्य अवकाश सुविधा उपलब्ध गराइदिनुहुन सिफारिस गरिन्छ।

.....

नामः

पदः

आज्ञालेः

ध्रुव दयाल

प्रमुख प्रशासकीय अधिकृत